# नेपाल खानेपानी संस्थान

## प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं

खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा हुने पदपूर्ति सम्बन्धी सूचना

सुचना नं :०३/२०८२–८३ प्रथम पटक प्रकाशन मिति २०८३।०१।०६

लोकसेवा आयोगको मिति २०८३।०१।०४ को प्राप्त सहमति अनुसार नेपाल खानेपानी संस्थानको स्वीकृत दरबन्दी अर्न्तगत रिक्त रहेका देहायका सेवा, समूहका पदहरुमा खुला प्रतियोगितात्मक परीक्षाद्धारा पदपूर्ति गर्न तोकिए वमोजिम योग्यता पुरा गरेका संभाव्य उम्मेदवारहरुवाट दरखास्त आव्हान गरिएको छ । दरखास्त फाराम साथ तोकिएको शैक्षिक योग्यता, तालिम, अनूभव, नागरिकताको प्रमाण पत्र आदि कागजातको प्रमाणित प्रतिलिपिहरु तथा परीक्षा दस्तुर वापत संस्थानको नबिल बैंकको खाता नं. ०२०१०१७५००७४२ मा जम्मा गरेको भौचर वा रसिद संलग्न राखि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन (दोव्वर दस्तुर तिरी थप सात दिन) भित्र त्रिपूरेश्वर स्थित प्रधान कार्यालयमा पेश गर्नूपर्नेछ । रीत नपूगेको वा म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन । दरखास्त फाराम प्रधान कार्यालय वा संस्थानको वेभ साईट www.nwsc.gov.np बाट प्राप्त गर्न सकिने छ ।

| सि.नं | विज्ञापन नं. | पदहरु | तह | सेवा | समुह | खुला र समावेशी | | | | | | | आवश्यक न्युनतम शैक्षिक योग्यता | परीक्षा दस्तूर रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.छे. | | |
| १. | २३/०८२/०८३ | उप प्रवन्धक | ९ | प्रशासन | प्रशासन | १ | – | – | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृत स्तरको पदमा रही कम्तीमा पांच वर्ष सेवा गरेको अनुभव हुनुपर्नेछ । तर विद्यावारिधि उपाधि हासिल गरेको उम्मेदवारको रीत सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ । | २०००।०० |
| २. | २४/०८२/०८३ | उप प्रवन्धक | ९ | प्रशासन | लेखा | १ | – | – | – | – | – | – | | २०००।०० |
| ३. | २५/०८२/०८३ | सहायक प्रवन्धक | ८ | प्रशासन | प्रशासन | १ | १ | – | – | – | – | – | | २०००।०० |
| ४. | २६/०८२/०८३ | सहायक प्रवन्धक | ८ | प्रशासन | लेखा | १ | – | – | – | – | – | – | | २०००।०० |
| ५. | २७/०८२/०८३ | सिभिल ईन्जिनियर | ७ | प्राविधिक | सिभिल | ८ | २ | १ | १ | १ | १ | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित ईन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण | १२००।०० |
| ६. | २८/०८२/०८३ | मेकानिकल ईन्जिनियर | ७ | प्राविधिक | ईलेक्ट्रो - मेकानिकल | १ | – | – | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित ईन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण | १२००।०० |
| ७. | २९/०८२/०८३ | कम्प्युटर ईन्जिनियर | ७ | प्राविधिक | कम्प्युटर | – | १ | – | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित ईन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण | १२००।०० |
| ८. | ३०/०८२/०८३ | कानुन अधिकृत | ७ | प्रशासन | कानुन | १ | १ | – | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा स्नातक तह उत्तिर्ण | १२००।०० |
| ९. | ३१/०८२/०८३ | शाखा अधिकृत | ७ | प्रशासन | प्रशासन | १ | – | – | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण | १२००।०० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १०. | ३२/०८२/०८३ | सहायक अधिकृत | ६ | प्रशासन | प्रशासन | २ | १ | १ | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण | १२००।०० |
| ११. | ३३/०८२/०८३ | सहायक लेखा अधिकृत | ६ | प्रशासन | लेखा | २ | १ | १ | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य वा व्यवस्थापन विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण | १२००।०० |
| १२. | ३४/०८२/०८३ | सहायक कानुन अधिकृत | ६ | प्रशासन | कानुन | १ | – | – | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण | १२००।०० |
| १३. | ३५/०८२/०८३ | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | ६ | १ | १ | १ | १ | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | ७००।०० |
| १४. | ३६/०८२/०८३ | हेभि ईक्विप्मेन्ट ड्राइभर | ५ | प्रशासन | चालक | १ | – | – | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी हेभि इक्विप्मेन्ट Excavetor अपरेटर लाईसेन्स प्राप्त । | ७००।०० |
| १५. | ३७/०८२/०८३ | लेखापाल | ५ | प्रशासन | लेखा | ६ | १ | १ | १ | १ | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य वा व्यवस्थापन विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको | ७००।०० |
| १६. | ३८/०८२/०८३ | सब ईन्जिनियर | ५ | प्राविधिक | सिभिल | ४ | १ | १ | १ | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको | ७००।०० |
| १७. | ३९/०८२/०८३ | सुपरभाईजर | ५ | प्राविधिक | सिभिल | १ | १ | – | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको | ७००।०० |
| १८. | ४०/०८२/०८३ | सुपरभाईजर | ५ | प्राविधिक | ईलेक्ट्रो-मेकानिकल | १ | १ | – | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको | ७००।०० |
| १९. | ४१/०८२/०८३ | केमिष्ट | ५ | प्राविधिक | गुणस्तर | २ | १ | – | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको | ७००।०० |
| २०. | ४२/०८२/०८३ | वरिष्ठ कम्प्युटर अपरेटर | ५ | प्राविधिक | कम्प्युटर | १ | – | – | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्राविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा छ महिनाको कम्प्युटर तालिम प्राप्त | ७००।०० |
| २१. | ४३/०८२/०८३ | सहायक | ४ | प्रशासन | प्रशासन | ८ | २ | २ | १ | १ | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तिर्ण गरेको | ७००।०० |
| २२. | ४४/०८२/०८३ | सिनियर मिटर रिडर | ४ | प्रशासन | प्रशासन | ४ | १ | १ | १ | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको | ७००।०० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३. | ४५/०८२/०८३ | हेभि ड्राइभर | ४ | प्रशासन | चालक | १ | – | – | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट दश कक्षा उत्तीर्ण गरी हेभि सवारी चालक लाईसेन्स प्राप्त । | ७००।०० |
| २४. | ४६/०८२/०८३ | सहायक लेखापाल | ४ | प्रशासन | लेखा | १७ | ४ | ३ | ३ | १ | १ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तिर्ण गरेको | ७००।०० |
| २५. | ४७/०८२/०८३ | सिनियर प्लम्बर | ४ | प्राविधिक | सिभिल | ४ | १ | १ | १ | १ | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाकोा तालिम प्राप्त | ७००।०० |
| २६. | ४८/०८२/०८३ | प्लाण्ट अपरेटर | ४ | प्राविधिक | सिभिल | २ | १ | १ | – | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त | ७००।०० |
| २७. | ४९/०८२/०८३ | पम्प अपरेटर | ४ | प्राविधिक | ईलेक्ट्रो-मेकानिकल | ६ | १ | १ | १ | १ | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त | ७००।०० |
| २८. | ५०/०८२/०८३ | मिटर मेकानिक्स | ४ | प्राविधिक | ईलेक्ट्रो-मेकानिकल | २ | – | १ | १ | – | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त | ७००।०० |
| २९. | ५१/०८२/०८३ | कम्प्युटर अपरेटर | ४ | प्राविधिक | कम्प्युटर | ४ | १ | – | – | १ | – | – | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त | ७००।०० |

द्रष्टव्य :

१) शैक्षिक योग्यताको प्रमाण पत्र मान्यता प्राप्त शिक्षण संस्थावाट हासिल गरेको हुनु पर्नेछ तर विदेशी शिक्षण संस्थावाट हासिल गरेको योग्यताको हकमा त्रिभुवन विश्व विद्यालयवाट समकक्षता प्राप्त गरेको प्रमाण पेश गर्नु पर्नेछ । तालिम तथा अनूभवको प्रमाण पत्र आवश्यक हुनेमा कानून वमोजिम स्थापित संस्थावाट हासिल गरेको हूनूपर्नेछ । आंशिक रुपमा काम गरेको अनूभव गणना हूने छैन ।

२) व्यावसायिक परिषदमा दर्ता हुनुपर्ने पदको उम्मेदवारको हकमा सम्बन्धित व्यावसायिक परिषदमा दर्ता भएको वा दर्ता नवीकरण गराएको प्रमाण पेश गर्नुपर्नेछ ।

३) सहायकस्तर पदको खूला प्रतियोगिताको लागि पूरुष उम्मेदवारको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको । अधिकृत स्तर छैठौं र सातौंको लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको । अधिकृत स्तर आठौं र नवौं तहको पदको लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हूनू पर्नेछ । संस्थानमा कार्यरत स्थायी कर्मचारीहरुको हकमा उमेरको हद लाग्ने छैन ।

४) आदिवासी/जनजाती, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तर्फ छुटयाईएका पदमा दरखास्त दिंदा नेपाल खानेपानी संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०८१ को विनियम ६ मा उल्लेख भए अनुसार समावेशी भएको व्यहोरा खुल्ने प्रमाण पेश गर्नू पर्नेछ । उक्त विनियमावली संस्थानको वेव साइटमा हेर्न सकिने छ ।

५) लिखित परीक्षा संचालन श्री लोकसेवा आयोगबाट हूनेछ । लिखित परीक्षा कार्यक्रम र परीक्षा केन्द्र सम्वन्धी सूचना पछि प्रकाशित गरिनेछ ।

६) आवेदन स्वीकृत/अस्वीकृत गर्ने सम्पुर्ण अधिकार संस्थानलाई हुनेछ । आवेदन स्वीकृत भएका उम्मेदवारहरुलाई मात्र परीक्षामा सामेल गराइनेछ । दरखास्त स्वीकृत भएको वा अस्वीकृत भएको जानकारी संस्थानको वेवसाइटमा प्रकाशित गरिनेछ र तत् पश्चात स्वीकृत भएका उम्मेदवारहरुलाई संस्थानको प्रधान कार्यालयवाट प्रवेश पत्र उपलब्ध गराईनेछ ।

७) एकै विज्ञापन अन्तर्गत खुला तथा समावेशी तर्फ लिखित परीक्षाको लागि दरखास्त पेश गर्दा प्रत्येक थप समावेशी पदको लागि तोकिए बमोजिमको थप दस्तुर बूझाउनुपर्नेछ ।

८) पाठ्यक्रम र दरखास्त फाराम संस्थानको Website : www.nwsc.gov.np बाट Download गर्न सकिनेछ । दरखास्त फाराम बूझाउंदा पदको लागि तोकिएको दस्तूर बूझाएको भौचर/ रसिद रितपूर्वक भरिएको दरखास्त साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

९) दोब्बर दस्तूरको म्यादलाई शैक्षिक योग्यता, समावेशीको प्रमाण पत्र, परिषद दर्ता प्रमाण पत्र, तालिम, अनुभव, उमेर र सेवा अवधि गणना गरिनेछैन ।

१०) अन्तिम मिति (दोब्बर दस्तूर तिरी थप सात दिन) बूझाउने मिति विदा पर्न गएमा त्यसको भोली पल्ट सम्म दरखास्त बुझिलिईनेछ ।

११) उल्लेखित खुला तर्फको परीक्षा दस्तूरमा प्रत्येक थप समावेशी पदको लागि अधिकृत आठौ र नवौ तहको हकमा रु ५००।००, अधिकृत छैठौं र सातौ तहको हकमा रु ४००।०० र सहायक स्तरको हकमा रु.२००।०० थप दस्तूर लाग्नेछ ।

१२) अप्राविधिक तर्फका चौथो तहमा दरखास्त दिने उम्मेदवारहरुले लोकसेवा आयोगबाट मिति २०८२/०७/१५ मा संगठित संस्थाहरुको अप्राविधिक तर्फका सहायक स्तरका द्वितीय श्रेणी वा सो सरहका पदका लागि संचालित पूर्व योग्यता परीक्षा उत्तीर्ण गरेको प्रमाण आवेदन साथ संलग्न गर्नूपर्नेछ ।

१३) सम्मानित सर्वोच्च अदालतबाट रिट नं ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ ।

पदपूर्ति समिति
नेपाल खानेपानी संस्थान
प्रधान कार्यालय ।